# छैठौं अध्याय

## ६. *नेपाली सवाई काव्यको चरण विभाजन तथा चरणगत प्रवृत्तिहरू*

### ६.१. *चरण विभाजन :*

आधुनिक भारतीय भाषाका रूपमा नेपाली भाषाको विकास भए पश्चात् विक्रमको एघारौं शताब्दीतिर नेपाली कविताको लेख्य स्वरूपको स्थापना (अठाह्रौं शताब्दी) हुन्जेलसम्मको दीर्घ समयावधिलाई नेपाली कविताको पृष्ठभूमिकालका रूपमा लिइएको छ[1]। यस समयावधिमा नेपाली समाजमा देउडा, भैलो, भजन, मागल, पडेली, चाँचरी, चैत, भुआर, भारत, सगुन, फाग, भोलाउली, मैनी, मुओ, ढुस्को, सवाई, माहल, रतेउली, खाँडो, तीजे, कर्खा, घाटु, लहरी, बालुन, ख्याली, चुड्क्या र सोरठी जस्ता विविध गाथा-गीतहरू प्रचलित रहेका पाइन्छन्। नेपाली कविताले आफ्नो यात्राक्रम प्रारम्भ गरेदेखि यता अहिलेसम्मको समयावधिमा उक्त पृष्ठभूमि काल अतिक्रम गरी प्राथमिक काल (१८२६-१९४०), माध्यमिक काल (१९४१-१९७४) र आधुनिक काल (१९७५ यता)का विभिन्न चरणहरू पार गर्दै चौथो चरण टेकी सकेको छ। यसरी लगभग दुई शताब्दी पूर्व नेपाली कविताले लेख्य रूप प्राप्त गरी सकेको भए तापनि पृष्ठभूमि कालदेखि नै प्रचलित मौखिक काव्य-धारा अशिक्षित अल्पशिक्षित ग्राम्यजनका मुखमुखै अद्यावधि प्रवाहमान् रहेको पाइन्छ। लोक-कविता धाराको यो प्रवाह तुलनात्मक रूपमा हाल क्षीण आकृतिको देखिए तापनि कविताले छन्दको बन्धनबाट मुक्त भई अत्याधुनिक विद्यूतीय माध्यमबाट कम्प्युटरसम्म आइपुगेको वर्तमान् अवस्थासम्ममा पनि अनवरुद्ध भई प्रवाहमान् रहेको पाइन्छ। तर नेपाली कविताको काल वा चरण विभाजन गर्दा वि.सं. १८२६ पछिको कवितालाई मात्र चरण-उपचरणमा विभाजन गर्ने चलन रहेको पाइन्छ[2]। पृष्ठभूमि वा प्रारम्भकालदेखि अहिलेसम्म निरन्तर प्रवाहमान् मौखिक नेपाली कवितालाई सिङ्गो वा सोलोडोलोरूपमा विविध चरण-उपचरणमा विभाजन गरेर अथवा मौखिक-अलिखित काल खण्डलाई नेपाली कविताको प्रारम्भ-विन्दुलाई केन्द्रविन्दु स्वीकार गरी चरण-उपचरणका रूपमा राखेर पनि सहज-सरल रूपमा नेपाली कविताको वर्गीकरण प्रस्तुत गर्न नसकिने होइन।

#### ६.१.१ *विवेच्य समयावधि :*

प्रस्तुत शोधकार्यको सीमा नेपाली सबाई काव्यको थालनीकाल (वि.सं.१९००)देखि यता वि.सं. २०००को अवधिसम्म मात्र सीमित राखिएको छ। अतः शोध सीमालाई ध्यानमा राखी नेपाली साहित्यको प्रचलित काल विभाजनलाई मानदण्डका रूपमा स्वीकार गरी त्यसैको आधारमा यहाँ समानान्तर समयावधिभित्र पर्ने नेपाली लेख्य सवाई काव्यको चरण विभाजन गर्ने र साथै तदनुरूप चरणगत प्रवृत्तिहरूको विवेचनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ।

यसरी विवेचना गरी हेर्दा वि.सं. १९०० देखि वि.सं. २००० सम्मको नेपाली सवाई काव्यको विकास-यात्रालाई मुख्यतः निम्नलिखित चार चरणमा विभाजन गर्न सकिन्छ :

| | | |
|---|---|---|
| (१) | पहिलो चरण वा थालनी काल | वि.सं. १९०१ देखि १९४० सम्म, |
| (२) | दोस्रो चरण वा विकास काल | वि.सं. १९४१ देखि १९६२ सम्म, |
| (३) | तेस्रो चरण वा विस्तार काल | वि.सं. १९६३ देखि १९७४ सम्म र |
| ४) | चौथो चरण वा शिथिल काल | वि.सं. १९७५ देखि २००० सम्म। |

---

[1] वासुदेसवाई त्रिपाठी र अन्य (सम्पा), *नेपाली कविता* (भाग ४, दो.सं.); साझा प्रकाशन; काठमाण्डौ; २०५३; पृ. १०१

[2] (क) तारानाथ शर्मा, *नेपाली साहित्यको इतिहास*; सहयोगी प्रकाशन; काठमाण्डौ; २०२७;.पृ. २

(ख) दयाराम श्रेष्ठ र मोहनराज शर्मा, *नेपाली साहित्यको संक्षिप्त इतिहास* (ते.सं.); साझा प्रकाशन, काठमाण्डौ; २०२६; पृ. २७

### ६.१.१.१ पहिलो चरण वा थालनी काल (१९०१देखि १९४०सम्म)का नेपाली सवाई काव्यहरू :

नेपाली समाजमा सवाई गाउने मौखिक परम्परा प्राचीन कालदेखि नै चल्दै आएको भए तापनि सवाई काव्यले लेख्य रूप चाहिँ नेपाली कविताको प्राथमिक काल (१८२६-१९४०)को उत्तरार्द्ध वा दोस्रो चरण (१८७३-१९४०)मा आएर मात्र प्राप्त गर्न सकेको पाइन्छ । त्यसैले नेपाली कविताको प्राथमिक कालको दोस्रो चरण (१८७३-१९४०) नेपाली सवाई काव्यको थालनीकाल वा पहिलो चरण हो । यस अवधिका सवाईकार बाग्दल डाँगीले नेपाली लोकलयप्रधान सवाई छन्द अँगाली *भोटको लडाईंको सवाई* (१९१२) लेखेपछि सर्वप्रथम नेपाली सवाई काव्यले लेख्य परम्पराको श्रीगणेश गरेको पाइन्छ । त्यसपछि दीनबहादुर हवल्दार, नरबहादुर राना, रहजलदिल विश्वकर्मा र बलभद्र नेउपानेले सवाई काव्यको रचना गरेका छन् । यस समयावधि (१८७३-१९४०)मा रचिएका सवाईहरूमा बाग्दल डाँगीको *भोटको लडाईंको सवाई* (१९१२), दीनबहादुर हवल्दारको *काबुलको सवाई* (१९१९), नरबहादुर रानाको *जङ्गबहादुरको सवाई* (१९३३), रहजलदिल विश्वकर्माको *मुक्तियारको सवाई* (१९३३) र बलभद्र नेउपानेको *सुन-सुन राजा पञ्च* (१९४०) गरी पाँचवटा सवाई काव्यहरू उल्लेख्य छन् ।

### ६.१.१.२ दोस्रो चरण वा विकास काल (१९४१-१९६२)का सवाई काव्यहरू :

नेपाली कविताको माध्यमिक काल (१९४१-१९६२)को पूर्वार्द्धको समय (१९४१-१९६२)[३] नेपाली सवाई काव्यको दोस्रो चरण वा विकास काल हो । यस चरणमा तुलचन आलेको *मनिपुरका लडाइँको सवाई* (१९५०), बबगुनी गुरुङ्को *ब्रह्मतत्वको सवाई* (१९५०), धनवीर भण्डारीको *अब्बर पहाडको सवाई* (१९५१) र *शिलाङ्का भैँचालाको सवाई* (१९५४), डाकमान राईको *दार्जिलिङ्का पहिराको सवाई* (१९५६), दिलुसिंह राईको *वि.सं. १९५६ सालको पैह्राको सवाई* (१९५६), मनिराज शाहीको *चरीको सवाई* (१९७५), शिखरनाथ शर्मा सुवेदीको *थरगोत्रको प्रवरावली* (१९५८ पूर्व), शूरवीर गुरुङ्को *भक्तिको सवाई* (१९५८), प्रतिमान लामाको *राज भरथरीको सवाई* (१९५८), रहरसिंह राईको *गोपिनीको सवाई* (१९५८), भवानीशङ्कर घिमिरेको *विष्णुको सवाई* (१९५८), जनकलाल शर्माको *आसम र शिलाङ्को सवाई* (१९५९), चेतनाथ आचार्यको *काशीलको ध्यान सवाई* (१९९०), खम्बसिह राया खत्रीको *धर्म अधर्मको सवाई* (१९६०), अमृत सिँजापति बानिया छेत्रीको *सासू-बुहारीको झगडाको सवाई* (१९६०), नबलसिंह घर्तीमगरको *जर्मनीको लडाइँको सवाई* (१९६२), आत्माराम मगर थापाको *किल्ला काँगडाको भैँचालाको सवाई* वा *भैँचालाको सवाई* (१९६२, भाग २) र महन्त रतन गिरीको *श्री ३ महाराज चन्द्र शमसेरको सवाई* वा *धर्मकीर्ति वर्णन* (१९६२) गरी बीसवटा सवाई काव्यहरूको रचना हुन सकेको पाइन्छ । यसरी *भोटको लडाइँको सवाई* (१९१२)बाट प्रारम्भ भएको नेपाली सवाई काव्यको लेखन परम्परा यस चरण (१९४१-१९६२)मा आइपुग्दा निकै फष्टाउन सकेको पाइने हुनाले सवाई लेखनको यो अवधि नेपाली सवाई काव्यको विकास काल बन्न सकेको पाइन्छ ।

### ६.१.१.३ तेस्रो चरण वा विस्तार काल (१९६३-१९७४)का सवाई काव्यहरू :

नेपाली कविताको माध्यमकि काल (१९४१-१९७४)को उत्तरार्द्ध (१९६३-१९७४)[४] को समयावधिमा नेपाली सवाई काव्य गतिशील बनेको र विकासको चरमोत्कर्षको विन्दु छुन पुगेको देखिन्छ । वि.सं. १९१२ मा बाग्दल डाँगीले *भोटको लडाइँको सवाई*बाट श्रीगणेश गरेको नेपाली सवाई काव्यको लेखन परम्परालाई तुलचन आले प्रभृति सवाईकारहरूले मलजल प्रदान गरी गतिशील तुल्याएपछि वि.सं. १९६३ देखि १९७४ सम्मको समयावधिका महाप्रभु बरादाज्यूले *कलिको सवाई* (१९६३ तिर), लक्ष्मीकान्त भट्टराईले *तिब्बत मिसनको सवाई* (१९६३), रेवतीरमण उपाध्यायले

---

[३] वासुदेव त्रिपाठी र अरु (सम्पा.), *नेपाली कविता* (भाग २), साझा प्रकाशन, काठमाण्डौ; २०४८; पृ. ३२१, ३२२
[४] वासुदेव त्रिपाठी र अरु (सम्पा.), *नेपाली कविता* (भाग २), साझा प्रकाशन, काठमाण्डौ; २०४८; पृ. ३२१, ३२२

*अर्जुनगीताको सवाई* (१९६३), रेवतीरमण शर्माले *गोदावरी पर्व सवाई* (१९६५), कृष्णबहादुर उदासले *अछामको सवाई* (१९६५), रणदल सिल्वाल क्षेत्रीले *शिवपार्वतीको सवाई* (१९६५), जितमान आलेले *काशीजीको सवाई* (१९६९पूर्व), गजवीर राना मगरले *नागाहिलको सवाई* (१९७०), शिखरनाथ शर्मा सुवेदीले *गङ्गामहात्म्यको सवाई* र *गङ्गाबाढीको सवाई* (१९७३) रचना गरेर नेपाली सवाई काव्य-परम्परालाई नयाँ गति दिएको देखिन्छ । यस अवधिमा रचित दशवटा सवाई काव्यले नेपाली सवाई काव्यको लेखन परम्परालाई विकास र विस्तारको चरमचुलीसम्म पुऱ्याएको अनुभव हुन्छ । सङ्ख्यात्मक दृष्टिले हेर्दा दोस्रो चरणको भन्दा यस चरणमा थारै सवाई काव्यहरूको रचना हुन सकेको देखिन्छ तापनि गुणात्मक दृष्टिले यो चरण नेपाली सवाई काव्यको विस्तारको चरण रहेको देखिन्छ । त्यसैले नेपाली सवाई काव्य परम्परामा यस तेस्रो चरणलाई (१९६३-१९७४) विस्तारकाल भनिएको हो । यस चरणलाई चरम विस्तारकाल, चरमोत्कर्षकाल वा उत्कर्षकाल पनि भन्न सकिन्छ ।

### ६.१.१.४ चौथो चरण वा शिथिलयुग (१९७५-२०००)का सवाई काव्यहरू :

वि.सं. १९७५ यता[५] नेपाली कविताले आधुनिकताको नयाँ राजमार्गबाट आफ्नो यात्रा थालको छ । नेपाली कविताले आधुनिक कालमा पाइला टेकेर आफ्नो यात्रा शुरु गरेपछि नेपाली सवाई काव्यको रचनामा केही शिथिलता आएको परिलक्षित हुन्छ । वि.सं. १९७५ देखि २००० सम्मको अवधिमा नरेन्द्रराज शर्माको *जर्मनीको लडाइँको सवाई* वा *युरोप महाभारत* (१९७७), हर्षराज बाँडाको *खिकामाछा जलेको सवाई* (१९७८), धरणीधर शर्मा कोईरालाको 'सवाई' वा *नेपाली भाषाको सवाई* (सन् १९२५), रामजीप्रसाद सत्यालको *सूर्यपुराणको सवाई* (१९८२), मणिराज वर्माको *अम्बलका बैगुनको सवाई* (१९८२), रामचन्द्र शर्माको *गान्धीजीको सवाई* र *कानिको सवाई* (१९८७-९२), पद्मबहादुर खत्री, खडानन्द शर्मा, जीवनाथ काफ्ले र शेरबहादुर कँवर छेत्रीका अलग-अलग चारवटा *९० सालको भैँचालाको सवाईहरू* (१९९०-९१), सोऽहमराज गुरुङ्का *आत्मब्रह्मको सवाई* (१९९१), मनिचन चामलिङ राईको *रङ्गमहलको सवाई* (१९९३), गोपाल पाण्डे 'असीम'को *ह्रस्वदीर्घ आदिको सवाई* (१९९७) र हवल्दार दिलबहादुरको *धामी-झाँक्रीको सवाई* (१९९९) गरी लगभग पन्ध्रवटा सवाई काव्यको रचना एवम् प्रकाशन हुन सकेको पाइन्छ । तर यसरी पूर्ववर्ती विस्तार काल (१९६३-१९७४)को तुलनामा यस चरणमा सङ्ख्यात्मक दृष्टिले अधिक सवाई काव्यहरूको रचना हुन सकेको देखिन्छ तापनि सवाई काव्यको गुणस्तर त्यति माथि उठ्न सकेको पाइन्न । अर्कातिर यस चरणपछि नेपाली सवाई काव्यको रचनामा पनि क्रमशः शिथिलता आएको देखिने हुनाले यस चौथो चरण (१९७५-२०००)लाई नेपाली सवाई काव्यको शिथिल काल वा शिथिल युग भनिएको हो ।

## ६.२ नेपाली सवाई काव्यका चरणगत प्रवृत्तिहरू :

### ६.२.१ पहिलो चरण वा थालनीकाल (१९०१-१९४०)का सवाई कृति र तिनका मुख्य मुख्य प्रवृत्तिहरू :

नेपाली सवाई काव्यको पहिलो चरण (१९०१-१९४०) नेपाली सवाई काव्यको थालनी काल हो । यस पहिलो चरणमा बाग्दल डाँगीको *भोटको लडाइँको सवाई* (१९१२), दीनबहादुर हवल्दारको *काबुलको सवाई* (१९१९), नरबहादुर राना मगरको *जङ्गबहादुरको सवाई* (१९३३), रहजलदिल विश्वकर्मको *मुक्तियारको सवाई* (१९३३) र बलभद्र नेउपानेको *सुनसुन राजा पञ्च* (१९४०) गरी जम्मा पाँचवटा सवाई काव्यहरूको रचना हुन सकेको पाइन्छ ।

नेपाली कविताको प्राथमिक काल (१८२६-१९४०)लाई विद्वान्हरूले त्यस अवधिमा रचित काव्यको भाव-प्रवृत्तिका आधारमा पूर्वार्द्ध (१८२६-१८७२) र उत्तरार्द्ध (१८७३-१९४०) गरी मूलतः दुई

---

[५] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), नेपाली कविता (भाग २); पूर्ववत्; पृ. ३२२

भागमा विभाजन गरेका छन् । नेपाली कविताको पूर्वार्द्धका कविताहरूमा मूलतः राष्ट्र-निर्माणका सूत्रधार वा अग्रणी वीर पुरुषहरूको गुणगान वा स्तुति-गायन मुखरित भएको पाइन्छ भने उत्तरार्द्धका कविहरूमा चाहिँ वीर वन्दनाको सट्टा परमार्थ साधनको माध्यम ईश-भक्ति वा भगवत्-प्रेमको महिमा गाइएको पाइन्छ । उत्तरार्द्धमा कविहरूले सगुण एवम् निर्गुण भक्ति भावका माध्यमद्वारा ईश्वर वा परब्रह्मको चिन्तन, मनन एवम् आराधनलाई काव्यात्मक अभिव्यक्ति दिने प्रयास गरेको देखिन्छ ।

तर नेपाली कविताको मूल प्रवाहमा वीररस-भावका कविता रचना गर्ने परम्पराको समाप्ति भएर भगवत्भक्ति भावप्रधान कविता रचना गर्ने परम्पराको थालनी भइसकेपछि शुरु भएको नेपाली सवाई काव्यले चाहिँ वीरसर-भावप्रधान अभिव्यक्तिबाटै आफ्नो यात्रा थालेको देखिन्छ । यसरी नेपाली सवाईकारहरू युगीन पुरुषहरूको वीरत्वपूर्ण कार्यहरूलाई आफ्ना सवाई काव्यको विषयवस्तु बनाएर नेपाली सवाई काव्यको रचना गर्न प्रवृत्त भएका देखिन्छन् । यस अवधिका बाग्दल डाँगीले उनको ***भोटको लडाइँको सवाई*** (१९१२)मा भोट-नेपाल युद्धको क्रममा भोटमा लड्न गएका नेपाली वीरहरूका वीरत्वको गुणगान गरेका छन् ; राष्ट्रिय स्वाभिमानका निम्ति लड्ने लडाकुहरूको यशोगान गाउँदै राष्ट्रिय एकात्मकताको भावनालाई टेवा दिने कार्य गरेका छन् भने ***काबुलको सवाई*** (१९१९)का रचनाकार दीनबहादुरले बृटिश-गोर्खा फौजमा कार्यरत नेपाली वीरहरूले काबुलको लडाईंमा काबुल वा अफगानीहरूलाई पराजित गरेर देखाएको गौरवपूर्ण वीरतालाई लोकलयात्मक सवाई छन्दमा झङ्कृत गराएका छन् । नेपालको राजनीतिमा श्री ५ पृथ्वीनारायण शाहको लगत्तै पछि चम्कँदै नेपाली जन-मानसमा अनेकौं प्रहेलिकाहरूको नायक बन्न पुगेका व्यक्तित्व, तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको अप्रत्याशित मृत्यु र उनका तीन पतिव्रता पत्नीहरू सती गएको शोकपूर्ण घटनालाई सवाईकार नरबहादुर राना मगरले वीर पुरुषको स्मृतिचारण गर्दै ***जङ्गबहादुरको सवाई*** (१९३३) काव्यको रचना गरेको देखिन्छ । सिक्किमका प्रभावशाली व्यक्तित्व ठहरिएका हाङ्पालसिंह मुक्तियारको स्वच्छ, दयालु एवम् प्रभावशाली व्यक्तित्वको प्रशंसा गर्दै सवाईकार रहजलदिल विश्वकर्मले ***मुक्तियारको सवाई*** (१९३३)को रचना गरेका छन् । बलभद्र नेउपानेले पनि आफ्ना समयका प्रभावशाली पुरुषहरूको प्रशंसा र तिनीहरूको गुणगानमुखर ***सुन सुन राजा पञ्च*** (१९४०)मा युगीन प्रवृत्तिलाई अङ्गीकार गरी काव्यको रचना गरेको देखिन्छ ।

यसरी विवेचना गरेर हेर्दा पहिलो चरणका नेपाली सवाई काव्य मूलतः ऐतिहासिक घटनामा आधारित रहेका पाइन्छन् । यस समयावधिका सवाईकारहरू स्वयम्को उपस्थितिमा घटेका महत्त्वपूर्ण घटनालाई मूल विषयवस्तु बनाएर सवाई काव्य रचना गर्नेतर्फ प्रेरित भएको अनुभव हुन्छ । जङ्गबहादुरको मृत्यु, बृटिश-गोर्खा फौज र काबुलहरू सँगको लडाइँ, भोटसँगको सङ्घर्ष आदि यस कुराका सबल उदाहरण हुन् । अतः थालनीकालका सबै सवाई काव्यहरू प्रबन्धात्मक, आख्यान सापेक्ष वा घटनाप्रधान रहेका छन् । यसरी आख्यानात्मकतालाई अँगाल्दै कविता विधाको मझौलो रूपको खण्ड काव्य भन्न सुहाउने आयाम-विस्तृतिलाई यस थालनी कालका नेपाली सवाई काव्यहरूले अङ्गीकार गरेको पाइन्छ । यस थालनी चरणका नेपाली सवाईकार र सवाई काव्यहरू परवर्ती चरणका सवाई काव्यहरूका निम्ति पनि प्रेरणास्रोत बन्न सकेको अनुभव हुन्छ । यस चरणका ***भोटको लडाइँको सवाई, जङ्गबहादुरको लडाइँको सवाई, काबुलको सवाई, मुक्तियारको लडाइँको सवाई*** र ***सुन सुन राजा पञ्च*** पाँचैवटा सवाई काव्य ऐतिहासिक विषय अँगालेर रचिएका प्रबन्धात्मक सवाई काव्य रहेका छन् ।

यस चरणका सवाई काव्यहरू मूलतः नेपाली लोक लयप्रधान सवाई छन्द-शैलीमा रचिएका पाइन्छन् । छन्द अनुरूप यिनको भाषा-शैली पनि नेपाली जन-साधारणका बीचमा दैनन्दिन बोलचालमा प्रचलित कथ्य वा गेयप्रधान रहेको पाइन्छ । यस समयावधिका सवाईहरूको भाषा-शैली अपरिष्कृत एवम् अपरिमार्जित रहेको पाइन्छ भने लेखन परिपाटी पनि प्राचीन किसिमको रहेको पाइन्छ । नेपाली समाजमा प्रचलित झर्रा शब्दहरूका अतिरिक्त संस्कृतका बहु-प्रचलित तत्सम, तद्भव शब्द र आगन्तुक स्रोतबाट लिइएका शब्दहरूलाई पनि यस कालका सवाईकारहरूले नेपाली

जिब्रो अनुकूल उच्चारण बनाएर (कार्तोस, कप्तान- ***भोटको लडाइँको सवाई***; अकीलगुम, जिमिन, जर्नेल- ***जङ्गबहादुरको सवाई***) प्रयोग गरेको पाइन्छ । स्थानीय शब्दावलीहरूको (गाणी, कुटुम्म, खासण, नीयापान्या- ***सुन सुन राजा पञ्च***) पनि यस चरणका नेपाली सवाई काव्यहरूको एक मननीय विशेषता रहेको देखिन्छ । काव्यात्मकताका दृष्टिले यस चरणका ***भोटको लडाइँको सवाई*** र ***जङ्गबहादुरको लडाइँको सवाई*** निम्न-मध्यम स्तरीय र अवशिष्ट सवाई काव्यहरू चाहिँ सामान्य गुणस्तरका सवाई काव्य रहेका देखिन्छन् ।

यस चरणका सवाई काव्यहरूमा प्रयुक्त सवाई छन्दका पङ्क्तिहरू बाह्रदेखि चौध अक्षरसम्मका रहेका पाइन्छन् भने बाह्र अक्षरी सवाई पङ्क्तिहरूमा सातौं र बाह्रौं अक्षरमा र चौध अक्षरी पङ्क्तिहरूमा आठौं र चौधौं अक्षरमा यति वा विश्राम रहेको पाइन्छ । सवाईका सबै पङ्क्तिहरू समान अक्षरका रहेका पाइन्नन् । त्यसैले सवाई पङ्क्तिमा अक्षर सङ्ख्या मिलाउन र यति-गति मिलाउन प्रयोजनअनुसार वर्णहरूलाई अजन्त-हलन्त पारेर अथवा लुप्ताक्षर-अधिकाक्षर पारेर लय वा भाखा हालेर गाउनुपर्ने स्थिति रहेको पाइन्छ । सवाईको छन्द-व्यवस्थामा सरलता-सहजताको निर्वाह हुन सकेको पाइन्छ र ठाउँ-ठाउँमा श्रुतिमधुरताको आभास पनि पाइन्छ । यस चरणका सवाई काव्यहरूको यति व्यवस्था साधारणतः अभङ्गनै रहेको पाइन्छ । त्यस्तै, संरचना, भाव वा विषयवस्तु, छन्द-लय विधान, भाषा-शैली, विम्ब प्रतीक र अलङ्कार योजना र काव्यात्मक गुणस्तरका दृष्टिले यस चरणका सवाई काव्यहरू निम्न-मध्यम एवम् सामान्य गुणस्तरका रहेका पाइन्छन् । यस चरणका सवाई काव्यहरू आयामका दृष्टिले कविताको मझौलो स्वरूप खण्ड काव्यसँग मिल्दा-जुल्दा रहेका पाइन्छन् ।

### ६.२.२. *दोस्रो चरण (१९४१-१९६२) वा विकास कालका सवाई कृति र तिनका मुख्य प्रवृत्तिहरू:*

नेपाली कविताको माध्यमकि काल (१९४१-१९७५)को पूर्वार्द्ध (१९४१-१९६२) नेपाली सवाई काव्यहरूको विकास काल वा दोस्रो चरण रहेको पाइन्छ । यस चरणका सवाईकार तुलचन आलेले ***मनिपुरका लडाइँको सवाई*** (१९४०), बबगुनी गुरुङ्ले ***ब्रह्मतत्त्वको सवाई*** (१९५०), धनवीर गुरुङ्ले ***अब्बर पहाडको सवाई*** (१९५१) र ***शिलाङ्का भैँचालाको सवाई*** वा ***भैँचालाको सवाई*** (दोस्रो भाग, १९५४), डाकमान राई थुलुङ्ले ***दार्जिलिङ्को पहिराको सवाई*** (१९५६), दिलुसिंह राईले वि.सं. ***१९५६ सालको भैँचालाको सवाई***, मनिराज शाहीले ***चरीको सवाई*** (१९७५), शिखरनाथ शर्मा सुवेदीले ***थर गोत्रप्रवरावली*** (१९५८), शूरवीर गुरुङ्ले ***भक्तिको सवाई*** (१९५८), रहरसिंह राईले ***गोपिनीको सवाई*** (१९५८), भवानीशङ्कर घिमिरेले ***विष्णुको सवाई*** (१९५८), प्रतिमान तामाङ्ले ***राजा भरथरीको सवाई*** (१९५८), जनकलाल शर्माले ***आसाम र शिलाङ्को सवाई*** (१९५९), चेतनाथ आचार्यले ***काशीको ध्यान सवाई*** (१९६०), खम्बसिंह राया खत्रीले ***धर्म-अधर्मको सवाई*** (१९६०), अमृत सिँजापति बानिया छेत्रीले ***सासू-बुहारीको झगडाको सवाई*** (१९६२), आत्माराम थापा मगरले ***किल्ला काँगडाको सवाई*** वा ***भैँचालाको सवाई*** (दोस्रो भाग, १९६२) गरी जम्मा बीसवटा सवाई काव्यको रचना गरी नेपाली सवाई काव्यधारालाई गतिशीलता प्रदान गरेको देखिन्छ ।

यस चरणका ***मनिपुरका लडाइँको सवाई*** र ***अब्बर पहाडको सवाई*** युद्ध-घटनामा आधारित सवाई काव्य हुन् । इष्ट-इण्डिया कम्पनीको बृटिश-गोर्खा फौजमा भर्ना भई गएका सिपाहीहरूले लडेका युद्धहरू नै यस चरणका नेपाली सवाई काव्यका मूल वा प्रतिपाद्य विषय रहेका छन् । ***शिलाङ्का भैँचालाको सवाई*** वा ***भैँचालाको सवाई*** (पहिलो भाग) चाहिँ प्रकृति-सृष्ट ध्वंशलीलाको यथार्थ घटना चित्रणमा आधारित करुणरसको सवाई काव्य हो । प्रकृति-सृष्ट घटनामा आधारित सवाईहरूको शीर्षमा रहेको यो सवाई काव्य भूकम्पसम्बन्धी पश्चात्वर्ती एकाध सवाई काव्यहरूका निम्ति पनि प्रेरक रहेको देखिन्छ । यस्तै, प्रकृतिसृष्ट पहिरो वा भूस्खलन जस्ता दुर्घटनालाई विषयवस्तु बनाएर डाकमान राईले ***दार्जिलिङ्का पहिराको सवाई*** र पं. दिलुसिंह राईले ***वि.सं. १९५६ सालको पैह्राको सवाई*** गरी जम्मा दुईवटा सवाई काव्य रचना गरेको छन् । १९५६ सालमा

दार्जिलिङ्मा गएको पहिराले गरेको क्षय-क्षतिसम्बन्धी वर्णन भएका सवाई काव्यहरू हुन् *दार्जिलिङ्को पैह्राको सवाई* र *वि.सं. १९५६ सालको पैह्राको सवाई*। यस अवधिका *ब्रह्मतत्त्वको सवाई, भक्तिको सवाई, गोपिनीको सवाई, काशीको ध्यान सवाई, धर्म-अधर्मको सवाई, विष्णुको सवाई* र *राजा भरथरीको सवाई* चाहिँ धार्मिक, आध्यात्मिक भक्ति भावलाई मूल विषयवस्तु बनाई रचिएका सवाई काव्य हुन् । *ब्रह्मतत्त्वको सवाई*मा निर्गुण-निराकार ब्रह्मको महिमा गाएर ब्रह्मोपासनामा प्रकाश पर्ने प्रयास गरिएको छ भने अन्य सवाईहरूमा काशी क्षेत्रका देवदेवीका साथै विष्णु, राम, दुर्गा, लक्ष्मी, सरस्वती, गणेश प्रभृति देव-देवीहरूको स्तुति वा महिमा गाइएको पाइन्छ । *ब्रह्मतत्त्वको सवाई*ले मूलतः स्वामी प्राणनाथ प्रणीत कृष्ण प्रणामी मतावलम्वी सुन्दरसाथहरूको आस्था, आदर्श वा चिन्तन प्रस्तुत गरी निर्गुण भक्तिमार्ग निर्देशन गरिएको पाइन्छ । भक्ति भावप्रधान अन्य सवाई कृतिहरू सगुण ईश्वरीय स्वरूपको आराधना एवम् गुणगायनमा केन्द्रित रहेका पाइन्छन् । यस चरणमा सामाजिक-पारिवारिक विषय पनि काव्यको विषयवस्तु बनाएर एकाध नेपाली सवाई काव्य रचिएका पाइन्छन् । सवाईकार अमृत सिँजापतिको *सासू-बुहारीको झगडाको सवाई* यस दिशामा उल्लेख्य रहेको देखिन्छ । नेपाली परिवेशमा उपलब्ध चरा-चुरुङ्गीको नामावली प्रस्तुतीका माध्यमबाट नेपाली समाजमा प्रचलित विवाह पद्धतिमा प्रकाश पार्ने प्रयास गरी रचित मनिराज शाहीको *चरीको सवाई* यस समयावधिको उल्लेख्य सवाई काव्य रहेको छ । *आसाम र शिलाङ्को सवाई* असमेली नेपाली जन-जीवनको सांस्कृतिक-सामाजिक तथा आर्थिक एवम् भौगोलिक परिदृश्य प्रस्तुत गर्ने अनि पद्यात्मक भ्रमण वृत्तान्तको झलक प्रस्तुत गर्ने सवाई काव्य हो भने *थरगोत्रप्रवरावली* चाहिँ नेपाली जातिले अङ्गीकार गरेको थर, गोत्र, एवम् प्रवरहरूको परिचयप्रद विवरणप्रधान सवाई काव्य हो ।

यस समयावधिका लडाइँ, पहिरो र भैँचालोसम्बन्धी सवाईहरूका साथै *राजा भरथरीको सवाई* आख्यानपुष्ट सवाई काव्य रहेका छन् भने *धर्म अधर्मको सवाई* र *थर गोत्र प्रवरावली* आदि चाहिँ आख्यान निरपेक्ष सवाई काव्य हुन् । त्यस्तै, *विष्णुको सवाई* र *काशीको ध्यान सवाई* जस्ता एकाध सवाईहरू चाहिँ सूक्ष्माख्यान धर्मी सवाई पनि यस समयावधिमा रचिएका पाइन्छन् ।

श्लोक सङ्ख्यागत आयामका दृष्टिले १३७ श्लोकी *ब्रह्मतत्त्वको सवाई* यस समयावधिमा रचित खण्ड काव्य स्तरीय पूर्ण विकसित सवाई काव्य रहेको पाइन्छ भने १५ श्लोकी *सासू-बुहारीको झगडाको सवाई* चाहिँ नेपाली सवाई काव्य परम्परामा लघु खण्डकाव्यीय आयाम वा स्वरूप भएको सवाई काव्य रहेको देखिन्छ । *विष्णुको सवाई* चाहिँ मझौलो खण्डकाव्यीय आयाम स्वरूप भएको सवाई काव्य देखिन्छ । ११८ श्लोकी *विष्णुको सवाई*लाई चाहिँ कविता विधाको मझौलो आयाम भएका खण्डकाव्य भन्न सुहाउने सवाई काव्य भन्न सकिन्छ ।

यस चरणका सवाईकारहरूले पनि पहिलो चरणका सवाईहरूले झैँ आफ्ना रचनाहरूमा बोलचालका तत्सम्, तद्भव एवम् अङ्ग्रेजी, हिन्दी, उर्दू-फारसी मूलका शब्दावली प्रयोग गरेका छन् । यस चरणका सवाईकारहरूले प्रयोग गरेको भाषा-शैली केही अपरिष्कृत एवम् अपरिमार्जित रहेको देखिन्छ ।

दोस्रो चरणका सवाईकारहरूले नेपाली लोकलयप्रधान सवाई छन्दमा मात्र सवाई काव्य रचना नगरेर शार्दूलविक्रीडित प्रभृति वर्णमात्रिक छन्दमा र दोहा, आर्या जस्ता मात्रिक छन्दमा पनि सवाई काव्य रचना गरेका छन् । यतिमात्र होइन, यस चरणका नेपाली सवाईकारहरूले वर्णमात्रिक, मात्रिक र नेपाली लोकलयाश्रित छन्दहरूको छ्यासमिसे प्रयोग गरेर पनि एकाध सवाई काव्य वा सवाई श्लोकहरू रचना गरको पाइन्छ। *सूर्यपुराणको सवाई* एवम् *अर्जुनगीताको सवाई* यस्तै सवाई काव्यहरू हुन् । त्यस्तै, कतिपय सवाईकारहरूले स्वतन्त्र लय-विधानमा पनि सवाई काव्य वा सवाई श्लोक रचना गरेको देखिन्छ। यसको उदाहरणका निम्ति *१९५६ सालको भैँचालाको सवाई*लाई अघि सार्न सकिन्छ । यस अवधिका सवाई काव्यहरू सरल, सहज र स्वाभाविक रहेका छन् र तिनमा प्रयुक्त सवाई छन्दको यति-गति व्यवस्था पनि सालाखाला अभङ्ग नै रहेको पाइन्छ ।

काव्य गुणस्तरका दृष्टिले यस चरणको *अब्बर पहाडको सवाई* निम्न-मध्यम स्तरीय सवाई काव्य रहेको पाइन्छ भने अवशिष्ट उन्नाईसवटा सवाई काव्यहरू सामान्य स्तरीय रहेका देखिन्छन् । यस दृष्टिले हेर्दा यस कालमा सवाईहरूको सङ्ख्यात्मक विकास भए तापनि गुणात्मक विकास चाहिँ हुन सकेको देखिन्न ।

समाजमा प्रचलित प्राचीन-पौराणिक गाथाबाट कथास्रोत ग्रहण गरी रचना गरिएको *राजा भरथरीको सवाई* यस चरणको उल्लेखयोग्य नेपाली सवाई काव्य हो । यस दृष्टिले प्रस्तुत सवाईलाई दोस्रो चरणका नेपाली सवाई काव्य विधाले स्वीकारेको नवीन काव्य प्रवृत्तिको प्रतिनिधि सवाई काव्यको रूपमा पनि लिन सकिन्छ ।

यस चरणका आख्यानपुष्ट तथा सूक्ष्माख्यानपुष्ट सवाईहरूले खण्डकाव्यीय आख्यानात्मक ढाँचालाई स्वीकार गरेको पाइन्छ भने शिखरनाथ सुवेदीको *थर गोत्रप्रवरावली*ले चाहिँ आख्यानात्मक शैलीलाई अस्वीकार गर्दै खण्डकाव्यकै आख्यानशून्य कोशकाव्यीय ढाँचालाई अवलम्बन गरेको पाइन्छ । सवाई छन्दका साथै वर्णमात्रिक छन्दको प्रयोग गरी एउटै मूल शीर्षक भित्र विभिन्न उप-शीर्षकमा भिन्न भिन्न छन्द-शैली (वर्णमात्रिक एवम् सवाई) प्रयोग गरी रचना गरिएको *थर गोत्रप्रवरावली*ले सवाई लेखन शैलीको परम्परागत प्रणालीलाई नवीनता प्रदान गर्न प्रयास गरेको कुरा स्मरणीय छ ।

यस दोस्रो चरणका बीसवटा नेपाली सवाई काव्यहरू मध्ये *अब्बर पहाडको सवाई, शिलाङ्का भैँचालाको सवाई, चरीको सवाई, ब्रह्मतत्त्वको सवाई, आसाम र शिलाङ्को सवाई, दार्जिलिङ्को पैह्राको सवाई, सासू-बुहारीको झगडाको सवाई* र *थर गोत्र प्रवरावली* उल्लेखनीय रहेका पाइन्छन् ।

### ६.२.३ तेस्रो चरण (१९६३-१९७४) वा विस्तारकालका सवाई कृति र तिनका मुख्य प्रवृत्ति :

नेपाली सवाई काव्यको विकासका दृष्टिले हेर्दा नेपाली कविताको माध्यमिक कालको दोस्रो चरण वा उत्तरार्द्ध (१९६३-१९७४) नेपाली सवाई काव्यको तेस्रो चरण हो । यस चरणमा महाप्रभु बरादाज्यूले *कलिको सवाई* (१९६३ तिर), लक्ष्मीकान्त भट्टराईले *तिब्बत मिसनको सवाई* (१९६३), रेवतीरमण उपाध्यायले *अर्जुनगीताको सवाई* (१९६३), रेवतीरमण शर्माले *गोदावरी पर्व सवाई* (१९६५), कृष्णबहादुर उदासले *अछामको सवाई* (१९६५), रणदल सिल्वाल खत्रीले *शिव पार्वतीको सवाई* (१९६५), जितमान आलेले *काशीजीको सवाई* (१९६९ पूर्व), गजवीर राना मगरले *नागाहिलको सवाई* (१९७०), शिखरनाथ सुवेदीले *गङ्गामहात्म्यको सवाई* र *गङ्गावाढीको सवाई* (१९७४)को रचना गरेर नेपाली सवाई काव्यलाई नयाँ गति दिएको देखिन्छ । आफ्नो यात्रा क्रमको लगभग साठी वर्ष पार गरी नेपाली सवाई काव्यले यस चरणमा पाइलो हाल्दा नेपाली सवाईकारहरूले पहिलो र दोस्रो चरणको भन्दा केही व्यापक विषयवस्तु अँगालेर सवाई काव्य रचना गरेर नेपाली सवाई काव्यलाई नयाँ आयाम र नयाँ गति दिने प्रयास गरेको देखिन्छ । यसै चरणमा आइपुग्दा नेपाली सवाईकारहरूले नेपाली सवाई काव्य रचना गर्ने परिपाटीमा पनि धेरथोर परिवर्तन ल्याउने प्रयास गरेको देख्न पाइन्छ ।

यस चरणका *तिब्बत मिसनको सवाई, नागाहिलको सवाई* र *गङ्गाबाढीको सवाई* ऐतिहासिक विषयप्रधान सवाई काव्य हुन् । नेपाली सवाई काव्यको पहिलो चरणमा रचिएका *भोटको लडाइँको सवाई, जङ्गबहादुरको सवाई* एवम् *मुक्तियारको सवाई*हरूले अँगालेको परम्परालाई यस चरणका सवाई काव्यहरूले निरन्तरता दिएका छन् । *अर्जुनगीताको सवाई* पौराणिक ग्रन्थमा आधारित भक्ति-भावप्रधान सवाई काव्य हो । प्रबन्धात्मक संरचना अङ्गीकार गरिएको यस सवाई काव्यमा संस्कृत-*अर्जुनगीता*को भावानुवाद प्रस्तुत गरिएको छ । यस दृष्टिले *अर्जुनगीताको सवाई* नेपाली सवाई काव्यको तेस्रो चरण वा विस्तार कालको एक महत्त्वपूर्ण प्राप्ति हो । *कलिको सवाई, शिव पार्वतीको सवाई, गङ्गामहात्म्यको सवाई* र *काशीजीको सवाई*हरू सूक्ष्माख्यान अँगाली रचिएका सवाई काव्य हुन् । यिनमा विकीर्ण सूक्ष्माख्यान प्रसङ्ग वर्णन शैलीको अवलम्बन गरिएको पाइन्छ । यसरी यस चरणका

केही सवाईकारहरू आख्यानपुष्ट वा आख्यानधर्मी सवाई रचना गर्नपट्टि भन्दा आख्यान निरपेक्ष सवाई काव्य रचना गर्नपट्टि प्रवृत्त भएका देखिन्छन्। श्लोक सङ्ख्याका दृष्टिले *अर्जुनगीताको सवाई* (श्लोक सङ्ख्या २००) यस चरणको सबैभन्दा ठूलो र *अछामको सवाई* (श्लो.सं.६०) सबैभन्दा सानो वा लघु आयाम भएको खण्डकाव्य स्तरीय सवाई काव्य रहेका देखिन्छन्।

यस चरणका सवाईकारहरूले मूलतः नेपाली लोकलयात्मक सवाई छन्द-शैलीलाई अँगालेर काव्य रचना गरेका छन् तापनि *अर्जुनगीताको सवाई*मा रचनाकारले लोक लयात्मक सवाई छन्दको शैलीमा मात्र प्रयोग नगरेर वर्णमात्रिक एवम् मात्रिक छन्दहरूको पनि प्रयोग गरेको पाइन्छ। यस सवाईमा कुनै अनुच्छेद-परिच्छेद वा अध्याय परिवर्तन नगरीकन दोहा, चौपाई जस्ता मात्रिक र शार्दूलविक्रीडित, वसन्ततिलका, इन्द्रबज्रा र शिखरिणी जस्ता वर्णमात्रिक छन्दको प्रयोग गरेको पाइन्छ। यसरी यस चरणका सवाईकारहरूले नेपाली सवाई काव्यको छन्द-लय प्रयोग-परम्परामा नवीन प्रयोगको सूत्रपात गर्न खाजेको अनुभव हुन्छ।

यस चरणका नेपाली सवाईकारहरूले नेपाली समाजमा बोलचालका रूपमा प्रचलित तत्सम्, तद्भव शब्दहरूका साथै अङ्ग्रेजी, हिन्दी, उर्दू र फारसी स्रोतका शब्दहरू प्रयोग गरेका छन्। एकाध सवाईकारहरूले झर्रा नेपाली शब्दहरूको प्रयोग गरेर आफ्नो वर्ण्य विषयलाई रोचक र प्रभावकारी तुल्याउने प्रयास गरेको पाइन्छ तर यस चरणका सवाई काव्यहरूको भाषा-शैली केही अपरिष्कृत, अपरिमार्जित र पुरानो ढाँचाको रहेको पाइन्छ। एकाध अस्पष्ट वा दुर्बोध शब्दहरूको प्रयोग पनि नपाइने होइन र यस किसिमका दुर्बोध वा अस्पष्ट शब्दहरूको प्रयोगले गर्दा शब्दार्थ बोधमा अथवा भावबोधमा पनि सामान्य वाधा पर्न गएको अनुभव हुन्छ। *नागाहिलको सवाई* र *अछामको सवाई*मा पूर्वाञ्चल भारतमा बस्ने नेपालीहरूले प्रयोग गर्ने गरेका स्थानीय भाषाका एकाध शब्दहरूको पनि प्रयोग हुन सकेको पाइन्छ।

सङ्ख्यात्मक दृष्टिकोणले हेर्दा दशवटा मात्र सवाई काव्य रचना भएको नेपाली सवाई काव्यको यो तेस्रो चरण वा विस्तार काल पूर्ववर्ती दोस्रो चरण वा विकास कालभन्दा केही न्यून जस्तो देखिए तापनि विषयवस्तुको व्यापकता, छन्द प्रयोगको विविधता आदिका दृष्टिले चाहिँ यस चरणमा आइपुग्दा नेपाली सवाई काव्यले विस्तार-व्यापकता लिन सकेको देखिन्छ। काव्य गुणस्तरका दृष्टिले यस विस्तारकालका *अछामको सवाई* र *कलिको सवाई* अति सामान्य गुणस्तरका रहेका देखिन्छन् तापनि *तिब्बत मिसनको सवाई, अर्जुनगीताको सवाई, काशीजीको सवाई, गोदावरी पर्व सवाई, शिवपार्वतीको सवाई, नागाहिलको सवाई, गङ्गामहात्म्यको सवाई* आदि आठवटा सवाई काव्यहरू चाहिँ सामान्य गुणस्तरका रहेका देखिन्छन्।

### ६.२.४ चौथो चरण(१९७५-२०००)वा शिथिल कालका सवाई-कृति र तिनका मुख्य मुख्य प्रवृत्ति:

नेपाली कवितामा आधुनिक कालको प्रारम्भ वि.सं. १९७५ देखि भई हालसम्म प्रवाहमान् रहेको मानिन्छ[६]। नेपाली कविताको आधुनिक कालको प्रारम्भिक पच्चीस वर्ष (१९७५ देखि २००० सम्म) नेपाली सवाई काव्यको चौथो चरण वा शिथिल काल हो। नेपाली कविताको आधुनिक कालको पहिलो चरण (१९७५-१९९०) शास्त्रीयतावादी वा नव्य-शास्त्रीयतावादी धाराको चरण हो। यस चरणलाई परिष्कारवादी धारा, सांस्कृतिक पुनर्जागरणवादी धारा, समाज सुधार-संस्कारवादी धाराको चरण पनि भनिएको छ। आधुनिक नेपाली कविताको दोस्रो चरण (१९९१-२०१६)लाई[७] रोमान्टिक धारा (१९९०-२००४) र रोमान्टिक प्रगतिवादी धारा (२००५-२०१६)को चरण, तेस्रो चरण (२०१६-२०२९)लाई प्रयोगवादी र आयामिक लेखनको चरण र २०३० यतादेखि अहिले सम्मको चरणलाई समसामयिक धाराको चरण मानिएको छ।

[६] बासुदेव त्रिपाठी र अरु (सम्पा.), *नेपाली कविता* (भाग २); साझा प्रकाशन, काठमाण्डौ; २०४८; पृ. ३१९-३२२

[७] वासुदेव त्रिपाठी र अरु (सम्पा.), *नेपाली कविता* (भाग २); साझा प्रकाशन, काठमाण्डौ; २०४८; पृ. ३१९-३२२

वि.सं. १९७४ मा *सूक्तिसिन्धु* कविता सङ्ग्रह प्रकाशन भए पश्चात् नेपाली कवितामा नयाँपन वा नौलो जागरण आएको थियो । यस अवधिमा कवि शिरोमणि लेखनाथ पौडेल, धरणीधर शर्मा प्रभृति कविहरूले नेपाली कवितामा सांस्कृतिक पुनर्जागरणको शङ्खघोष गरेका थिए । विश्वसमर र त्यसको प्रभावले पनि यस परिवर्तनलाई ठूलो सहयोग पुऱ्याएको थियो । त्यसपछि काठमाण्डौबाट प्रकाशित हुने *शारदा* (१९९१) पत्रिकाका माध्यमबाट सिद्धिचरण श्रेष्ठ एवम् लक्ष्मीप्रसाद देवकोटा प्रमृति प्रतिभाको संलग्नतामा नेपाली कवितामा रोमान्टिक धारा प्रवर्तन भएको थियो । विशेष गरी ***सूक्तिसिन्धुको*** प्रकाशन (१९७४) पछि नेपाली कवितामा भावोज्ज्वल शिल्प-शैलीका कविताहरू रचिन थालिएको हुनाले कवि-साहित्यकार र पाठकहरूको रुचिमा पनि परिवर्तन आउन थालेको थियो । साहित्यका पाठकहरूको रुचि प्राचीन वा पुराना परिपाटीमा रचिएका भक्ति, नीति, उपदेश वा श्रृङ्गारबाट क्रमशः हट्दै गएर समाज, देश र युगोपयोगी एवम् भाववाहक कविता तर्फ आकर्षित हुन लागेको थियो । यसका साथ साथै राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्थितिको प्रभावले पनि नेपाली साहित्य-जगत्का कवि-साहित्यकार तथा पाठक-पाठिकाहरूको रुचिमा परिवर्तनको लहर ल्याउन सघाउ पुर्‍यायो । अतः कथ्य वा गेय एवम् अपरिष्कृत र अपरिमार्जित भाषा-शैलीमा र नेपाली लोकलयप्रधान सवाई छन्दमा तथा केही मिश्रित छन्द-शैलीमा रचित सवाई काव्यहरूमा एकोहोरो वस्तुवर्णन मात्र पाइने हुनाले र त्यहाँ कलात्मक-रागात्मक तत्त्वको कमी हुने हुनाले त्यस्ता सवाई काव्यहरू मूलतः अपठित वा अल्पपठितहरूका बीचमा मात्र लोकप्रिय भएकाले यस्ता सवाई काव्यहरूबाट साहित्यका पाठक-भावकहरूको रूची स्वतः हट्तै-घट्तै गयो र यस्ता सवाई काव्यहरूको रचनामा पनि स्वतः शिथिलता आएकाले १९७५ देखि यताको समयावधिमा नेपाली सवाई काव्यको विकास-यात्रा शिथिल हुन पुगेको पाइन्छ । यसरी १९७५ देखि यता नेपाली सवाई काव्यको रचनामा क्रमशः शिथिलता आउन लागेको हुनाले यस चरणमा नेपाली सवाई काव्यको रचना स्वतः घट्न गएको देखिन्छ तापनि यस समयावधिमा नरेन्द्रराज शर्माले ***जर्मनको लडाइँको सवाई*** वा ***युरोप महाभारत*** (१९७७), हर्षराज बाँडाले ***खिकामाछा जलेको सवाई*** (१९७८), धरणीधर शर्मा कोइरालाले 'सवाई' वा ***नेपाली भाषाको सवाई*** (सन् १९२५), रामजीप्रसाद सत्यालले ***सूर्यपुराणको सवाई*** (१९८२), मणिराज वर्माले ***अम्बलका बैगुनको सवाई*** (१९८२), रामचन्द्र शर्माले ***गान्धीजीको सवाई*** र ***कानिको सवाई*** (१९८७-'९२); पद्मबहादुर खत्री, खडानन्द शर्मा, जीवनाथ काफ्ले र शेरबहादुर कँवर छेत्रीका अलग-अंलग चारवटा ***९० सालको भैँचालाको सवाई***हरू (१९९०-'९१), सोऽहमराज गुरुङ्को ***अत्मब्रह्मको सवाई*** (१९९१), मनिचन चामलिङ् राईको ***रङ्गमहलको सवाई*** (१९३३), गोपाल पाण्डे 'असीम'को ***ह्रस्व-दीर्घ आदिको सवाई*** (१९९७) र हवल्दार दिलबहादुरको ***धामी-झाँक्रीको सवाई*** (१९९९) गरी कुल पन्ध्रवटा सवाई काव्यको रचना तथा प्रकाशन हुन सकेको पाइन्छ । यसरी नेपाली सवाई काव्य रचनामा शिथिलता आउन थालेको यस चरणका सवाईकारहरूले सवाई काव्य परम्पराका प्रचलित मान्यता, धारणा वा प्रवृत्तिहरूमा संशोधन, परिवर्तन ल्याएर यसलाई युगानुकूल बनाउँदै परिप्रेक्षानुरूप नयाँ आयाम वा नवीनता प्रदान गर्ने र विकासको उचाइतिर अग्रसर गराउने काम गर्न सकेको देखिन्न । अतः १९७५ देखि यता नेपाली सवाई काव्यको विकास-प्रक्रियाले कुनै खास गति लिन सकेको पाइन्न र नेपाली सवाई काव्यको रचना वा विकास-प्रक्रिया क्रमशः म्लान वा शिथिल हुन पुगेको पाइन्छ । त्यसैले नेपाली सवाई काव्यको विकास-यात्राको यो चरण शिथिल चरण वा शिथिल युगका रूपमा रहेको पाइन्छ ।

यस चरणमा रचित ***जर्मनीको लडाइँको सवाई, खिकामाछा जलेको सवाई, सूर्यपुराणको सवाई*** र ***नब्बे सालको भैँचालाको सवाई*** घटनाप्रधान-आख्यानपुष्ट सवाई काव्य हुन् । ***शिवपार्वतीको सवाई, अम्बलका बैगुनको सवाई, गान्धीजीको सवाई, कानिको सवाई*** र ***धामीको सवाई*** सूक्ष्माख्यान सम्बलित सवाई काव्य हुन् । 'सवाई' वा ***नेपाली भाषाको सवाई, आत्मब्रह्मको सवाई*** र ***रङ्गमहलको सवाई***मा सूक्ष्म आख्यान-उपाख्यानहरूको विकीर्ण संयोजन पाइए तापनि यी सवाईहरू मूलतः आख्यान-निरपेक्ष सवाई काव्य हुन् । ***ह्रस्व-दीर्घ आदिको सवाई*** भने आख्यान शून्य कोश काव्यका पङ्क्तिमा राख्न सकिने सवाई काव्य रहेको पाइन्छ ।

काव्य वस्तुका दृष्टिले यस चरणका सवाई काव्यहरू युद्ध (*जर्मनीको लडाइँको सवाई* ) आगलागी (*खिकामाछा जलेको सवाई*), भैँचालो (*नब्बे सालको भैँचालाको सवाई* ), शिक्षा (*ह्रस्व-दीर्घ आदिको सवाई* ) जस्ता विषयवस्तुमा आधारित रहेका पाइन्छन् । यसका अतिरिक्त यस चरणका नेपाली सवाईकारहरूले जातीय वा समाजसुधार-संस्कार भावप्रधान (धरणीधर कोइरालाको सवाई), आध्यात्मिक भक्ति-भावप्रधान *(आत्मब्रह्मको सवाई)* सवाई काव्यरू पनि रचना गरेको पाइन्छ ।

श्लोक सङ्ख्यागत आयामका दृष्टिले *रङ्गमहलको सवाई* यस चरणको मात्र नभएर नेपाली सवाई काव्य परम्पराकै सबैभन्दा वृहत् आकारको वा बहुश्लोकी सवाई काव्य (कूल श्लोक सङ्ख्या १९८) रहेको पाइन्छ र *नेपाली भाषाको सवाई* यस चरणको सबैभन्दा सानो (कूल श्लोक सङ्ख्या १७ १/२) सवाई काव्य रहेको पाइन्छ । *रङ्गमहलको सवाई* खण्डकाव्य स्तरीय सवाई काव्य रहेको छ र सवाई वा *नेपाली भाषाको सवाई* चाहिँ लघु खण्डकाव्यीय स्वरूप भएको सवाई काव्य रहेको छ ।

*सूर्यपुराणको सवाई* बाहेक यस चौथो चरणका सवाई काव्यमा भाव प्रकाशनको माध्यमका रूपमा परम्परागत नेपाली लोकलयात्मक सवाई छन्द-लयलाई अँगालिएको छ । यस चरणका सवाई काव्यहरूको सवाई छन्द लय पनि परम्परागत नै रहेको पाइन्छ र खासै उन्नत, परिवर्तित वा संशोधित रहेको पाइन्न । यस चरणका प्राय: सबै सवाई काव्यहरू एउटै लय प्रवाहमा वा अविच्छिन्न रूपमा रचिएका पाइन्छन् भने *सूर्यपुराणको सवाई*मा सवाई चाहिँ बाह्र अध्यायमा विभाजित छ र यसमा नेपाली लोकलयप्रधान सवाई छन्दका अतिरिक्त दोहा, चौपाया जस्ता मात्रिक छन्दहरूको पनि प्रयोग गरिएको छ तर उल्लेख्य के देखिन्छ भने *सूर्यपुराणको सवाई*मा एकाधिक छन्दको प्रयोग गरिएको पाइए तापनि त्यस्तो प्रयोगमा खास कुनै विशेषता वा नवीनता झल्काउन सकेको चाहिँ अनुभव हुँदैन । त्यस्तै, लयात्मकता, सङ्गीतात्मकता, श्रुतिमधुरता आदिका दृष्टिले पनि यस चरणका नेपाली सवाई काव्यहरूले प्रयोग गरेको सवाई छन्द-लय त्यति उल्लेखनीय बन्न सकेको अनुभव हुँदैन । नेपाली सवाई काव्य परम्परामा स्पष्ट अध्याय विभाजन गरी रचिएको एकमात्र सवाई काव्यका दृष्टिले यस चरणको *सूर्यपुराणको सवाई* उल्लेख्य सवाई काव्य रहेको देखिन्छ ।

यस चरणका सवाई काव्यहरूको भाषा-शैलीमा पनि सुधार-संस्कार आएको, नवीनता झल्किएको चाहिँ पाइन्न । कवित्वको गुणस्तका दृष्टिले पनि यस चरणका सवाई काव्यहरू सामान्य किसिमका नै रहेका देखिन्छन् ।

यसरी १९१२ मा बागदल डाँगीले रचना गरेको *भोटको लडाइँको सवाई*बाट प्रारम्भ भएको नेपाली सवाई काव्य-परम्पराले एक शताब्दीको अवधिमा विभिन्न चरणहरू पार गरी सक्दा-नसक्दा नेपाली सवाई काव्य परम्परा क्रमश: शिथिल र क्षीण हुँदै गएको पाइन्छ तर नेपाली सवाई काव्यको प्रवाहमा शिथिलता आए तापनि वि.सं. २००० पछि पनि यो धीर-स्थिर गतिमा आफ्नै पाराले घस्रँदै अघि वढेको छ र यसको प्रवाह पूरै चाहिँ सुकेको छैन भन्न सकिन्छ ।

### ६.२.४.१ निष्कर्ष :

वि.सं. १९०० देखि २००० सम्म रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यको चरण विभाजन र चरणगत प्रवृत्तिहरूको अध्ययनसम्बन्धी गरिएको उपर्युक्त चर्चाबाट प्राप्त निष्कर्षलाई छोटकरीमा बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(१) वि.सं. १९०० देखि २००० सम्मको नेपाली सवाई काव्य-यात्रालाई पहिलो, दोस्रो, तेस्रो र चौथो गरी मूलत: चार चरणमा भाग गर्न सकिन्छ । वि.सं. १९०१ देखि १९४० सम्मको सवाई काव्यको पहिलो चरणलाई थालनी काल, वि.सं. १९४१ देखि १९६२ सम्मको दोस्रो चरणलाई विकास काल, १९६३ देखि १९७४ सम्मको तेस्रो चरणलाई विस्तार काल र १९७४ देखि २००० सम्मको चौथो चरणलाई शिथिल काल भन्न सकिन्छ ।

(२) वसन्त शर्माले सवाई छन्दको प्रयोग गरेर *समुद्रलहरी* (१९०१)को रचना गरेको र त्यसपछि यही छन्दमा बाग्दल डाँगीले *भोटको लडाइँको सवाई* (१९१२)को रचना गरेको पाइने हुनाले यही १९१२ वा यसको छेउछाउ वि.सं. १९०० लाई सवाई काव्यको यात्रा-विन्दु मानेर २००० सम्मको नेपाली सवाई काव्यको विकास क्रमलाई चार चरणमा छुट्याइ प्रस्तुत गरिएको छ । यसो गर्दा नेपाली कविताको प्राथमिक कालको दोस्रो चरणको छेउछाउ (१९००-१९४०)लाई नेपाली सवाई काव्यको थालनीकाल वा पहिलो चरण; नेपाली कविताको माध्यमिक कालको पहिलो चरण (१९४१-१९६२)लाई नेपाली सवाई काव्यको दोस्रो चरण वा विकास काल; नेपाली कविताको माध्यमिक कालको दोस्रो चरण (१९६३-१९७४)लाई नेपाली सवाई काव्यको विस्तार काल वा तेस्रो चरण र नेपाली कविताको आधुनिक कालको पहिलो पच्चीस वर्षको अवधि (१९७५-२०००)लाई शिथिल काल वा चौथो चरणका रूपमा छुट्याएर त्यसै अनुरूप चर्चा गरिएको छ ।

(३) नेपाली सवाई काव्यको पहिलो चरण (१९०१-१९४०) वा थालनी कालमा पाँचवटा सवाई काव्यको रचना हुन सकेको छ र *भोटको लडाइँको सवाई* (१९१२) र *जङ्गबहादुरको सवाई* (१९३३) यस चरणका उल्लेख्य सवाई काव्य रहेका पाइन्छन् । दोस्रो चरण (१९४१-१२६२) वा विकास कालमा सवाई काव्यको सङ्ख्या बढेर बीसवटा पुगेको छ । *अब्बर पहाडको सवाई, शिलाङ्का भैँचालाको सवाई, ब्रह्मतत्त्वको सवाई* र *सासू-बुहारीको झगडाको सवाई* यस दोस्रो चरणको उल्लेख्य सवाई काव्य रहेका छन् । सवाई काव्यको तेस्रो चरण (१९६३-१९७४) वा विस्तार कालमा प्रकाशित तथा उपलब्ध सवाईहरूको सङ्ख्या दश रहको छ र *नागाहिलको सवाई, तिब्बत मिसनको सवाई, गङ्गबाढीको सवाई* तथा *अर्जुनगीताको सवाई* यस चरणका उल्लेख्य काव्य रहेका छन् । सवाईको चौथो चरण (१९७५-२०००) वा शिथिल कालमा प्रकाशित पन्ध्रवटा सवाई काव्य मध्ये *खिकामाछा जलेको सवाई, नब्बे सालको भैँचालाको सवाईहरू, गान्धीजीको सवाई, धामीको सवाई* र *अम्बलका बैगुनको सवाई* उल्लेख्य रहेका देखिन्छन् । यसरी १९०० देखि २००० सम्मको अवधिमा रचित प्रकाशित एवम् उपलब्ध सवाईहरूको सङ्ख्या पचास रहेको पाइन्छ ।

(४) सवाई काव्यको बिस्तार काल (१९६३-१९७४) वा तेस्रो चरणमा एकल सवाई काव्यका अतिरिक्त तीनवटा सवाई काव्यका सङ्कलनहरू प्रकाशित हुन सकेका पाइन्छन् । तिनमध्ये *सवाई पञ्चक* (पहिलो भाग, १९६९ पूर्व) र *सवाई पञ्चक* (दोस्रो भाग, १९६९)मा पाँच पाँचवटा सवाई काव्यहरू र *सवाई पच्चीसा* (१९७१)मा पच्चीसवटा सवाई काव्यहरू सङ्कलित भई प्रकाशित भएका पाइन्छन् । १९७२ मा *सवाई पञ्चक* (पहिलो भाग)को दोस्रो संस्करण प्रकाशित भएको पाइन्छ । यसैताका सवाई पच्चीसाको अर्को संस्करण पनि प्रकाशित भएको देखिन्छ भने परवर्ती कालमा बनारस स्थित विभिन्न प्रकाशन संस्थाहरूबाट *सवाई पच्चीसा* र *सवाई सत्ताईसा* नामले एकाध नेपाली सवाई सङ्कलनहरू पनि प्रकाशित भएको पाइन्छ ।

(५) अधिकांश सवाई काव्यहरू नेपाली लोकलयात्मक सवाई छन्द-शैलीमा रचिएका पाइन्छन् । जनकलाल शर्माको *आसाम र शिलाङ्को सवाई,* शार्दूलविक्रीडित छन्द-शैलीमा, दिलुसिंह राईको *वि.सं. १९५६ सालको पैह्राको सवाई* विभिन्न छन्दको भान हुने तर आफ्नै प्रकारको गेयप्रधान मिश्रित शैलीमा रचिएको पाइन्छ । रेवतीरमण उपाध्यायको *अर्जुनगीताको सवाई* तथा रामप्रसाद सत्यालको *सूर्यपुराणको सवाई* चाहिँ सवाई छन्द-शैलीका साथ-साथै दोहा, सोरठा र चौपाई जस्ता मात्रिक छन्द र शार्दूलविक्रीडित, वसन्ततिलका, शिखरिणी र मालिनी जस्ता वर्णमात्रिक छन्द-शैलीमा पनि रचिएका पाइन्छन् ।

(६) *सूर्यपुराणको सवाई* नेपाली सवाई काव्य परम्परामा अध्याय वा खण्ड-खण्डमा विभाजित गरी रचिएको एकमात्र सवाई काव्य रहको पाइएको छ । अन्य कुनै नेपाली सवाई काव्यहरूमा यस रीतले अध्यायहरू रहेका पाइन्नन् ।

(७) सवाई काव्य मूलत: घटनाप्रधान वा आख्यानपुष्ट लोक-काव्य विधा हो । *भोटको लडाइँको सवाई, जङ्गबहादुरको सवाई, ९० सालको भैँचालको सवाई* प्रभृति अधिकांश नेपाली सवाई काव्यहरू आख्यानपुष्ट रहेका पाइन्छन् । *गान्धीजीको सवाई, धामीको सवाई, रङ्गमहलको सवाई* जस्ता एकाध सवाई काव्यहरू चाहिँ सूक्ष्माख्यानधर्मी सवाई काव्य रहेका छन् । यिनका अतिरिक्त *थरगोत्रप्रवरावली* तथा *ह्रस्व-दीर्घ आदिको सवाई* - दुईवटा वस्तु निरपेक्ष कोश काव्यीय ढाँचा भएका सवाई काव्यहरू रहेका देखिन्छन् ।

(८) वि.सं. १९०० देखि २००० सम्मका नेपाली सवाई काव्यहरू नेपाली समाजमा बोलचालका रूपमा प्रचलित सरल, सहज र झर्रो नेपाली भाषामा रचिएका छन् । एकाध सवाईकारहरूले समाजमा प्रचलित तत्सम् शब्दहरूका साथै हिन्दी, उर्दू, फारसी तथा अङ्ग्रेजी भाषाका शब्दहरूको पनि प्रयोग गरिएका पाइन्छन् । *अछामको सवाई, आसाम र शिलाङ्को सवाई, नागाहिलको सवाई* तथा *अब्बर पहाडको सवाई*मा सम्बन्धित स्थान विशेषका स्थानीय शब्दावलीको पनि प्रयोग भएको पाइन्छ । युद्ध विषयप्रधान नेपाली सवाई काव्यका सवाईकारहरू प्रायश: योद्धा वा सिपाही हुने गरेकाले त्यस्ता सवाई काव्यमा युद्ध-विग्रह वा सैनिक उपयोगका शब्दावलीको बहुल प्रयोग नपाइने होइन तापनि त्यस्ता शब्द प्रयोगले भाव बोधमा खास बाधा परेको चाहिँ अनुभव हुँदैन । नेपाली सवाई काव्यहरूको भाषा-शैली प्राय: पुरानो ढाँचा वा प्राचीन स्वरूपको रहेको पाइन्छ र अपरिष्कृत-अपरिमार्जित पनि रहेको पाइन्छ ।

(९) नेपाली सवाई काव्यहरू मूलत: नेपाली लोकलयात्मक सवाई छन्द-शैलीमा नै रचिएका छन् । एकाध सवाईकारहरूले शार्दूलविक्रीडित, शिखरिणी प्रभृति वर्णमात्रिक छन्द र दोहा, चौपाई जस्ता मात्रिक छन्द प्रयोग गरेर तथा नेपाली लोकलयप्रधान सवाई छन्द र वर्णमात्रिक छन्द एवम् मात्रिक छन्दको मिश्रण प्रयोग गरेर अनि एकाध सवाईकारहरूले स्वतन्त्र लयविधान अँगालेर पनि सवाई काव्य रचना गरेको देखिन्छ । यति हुँदाहुँदै पनि नेपाली लोकलयप्रधान सवाई छन्दमा रचिएका सवाई काव्यहरूको सङ्ख्या नै अधिक रहेको कुरा उल्लेखनीय छ । अर्को उल्लेख्य कुरा के देखिन्छ भने वि.सं. १९०० देखि २००० का बीचका कुनै पनि नेपाली सवाईकारले नेपाली लोकलयप्रधान झ्याउरे छन्द-शैलीमा नेपाली सवाई काव्य रचना गरेको देखिन्न तर नेपाली सवाई काव्य परम्पराको चौथो चरणमा आइपुग्दा पनि सवाई छन्द-शैलीमा नवीनता ल्याउने सामान्य प्रयास पनि कुनै सवाईकारबाट हुन सकेको पाइन्न र सवाई छन्दका सबै प्रयोक्ताहरूले नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीको परम्परागत ढाँचामा नै नेपाली सवाई काव्यको रचना गरेको पाइन्छ ।

(१०) बाग्दल डाँगीको *भोटको लडाइँको सवाई*, नरबहादुर रानाको *जङ्गबहादुरको लडाइँको सवाई,* प्रतिमानको *राजा भरथरीको सवाई,* रेवतीरमण उपाध्यायको *अर्जुनगीताको सवाई,* अमृत सिँजापतिको *सासू-बुहारीको झगडाको सवाई* र विभिन्न सवाईकारका *नब्बे सालको भैँचालाको सवाई*हरू नेपाली सवाई काव्य परम्पराका उल्लेखयोग्य सवाई काव्य रहेका देखिन्छन् ।

(११) नेपाली सवाई काव्यको अध्ययन-अनुशीलन गर्दा यस काव्य परम्परालाई उत्कर्ष प्रदान गर्ने सवाईका रचनाकारहरू त्यति सचेष्ट नभएको अनुभव हुन्छ र त्यसैले नेपाली सवाई काव्य वि.सं. १९७५ देखि यता त्यति गतिशील बन्न नसकेको र शिथिल बन्दै गएको पाइन्छ ।

## ६.३. *नेपाली सवाई काव्य परम्परामा आएका शिथिलताका प्रमुख कारणहरू :*

यो दृश्यमान् जीवन-जगत् परिवर्तनशील छ । जन्म, यौवन, जरा र मृत्यु जीवनका सुनिश्चित क्रम हुन् र यसको कुनै विकल्प छैन, समयको छिटो-ढिलो मात्र हो । आज जन्मेको नवजात शिशु भोली क्रमश: पौगण्ड, बालक, किशोर र युवावस्था पार गरी प्रौढ एवम् वृद्धावस्थामा उपनीत हुन्छ अनि एक दिन कालकवलित हुन्छ । यो शाश्वत जीवन-चक्र हो र प्रकृतिको अपरिवर्त्य विधान हो ।

साहित्यलाई समाजको दर्पण हो भनिन्छ र यसलाई जीवनको समालोचना पनि भन्ने गरेको पाइन्छ[८] । अत: जीवन-जगत्मा आएका परिवर्तलाई कवि-साहित्यकारहरूले अनुभवमा खारेर काव्यात्मक रूप प्रदान गर्दछन् । साहित्य वा साहित्यकारहरूले यसरी युगकै निर्माण गर्दछन् अनि युगधर्मी साहित्य नै प्रचलित र चर्चित पनि हुने गर्छ; लोकप्रिय बन्दछ । कवि-साहित्यकारहरूले यसरी पनि युगीन प्रवृत्तिहरू ग्रहण गरी साहित्यको रचना गरेर साहित्यलाई गतिशीलता प्रदान गरेका हुन्छन् ।

नेपाली समाजको प्रारम्भावस्थादेखि नै मौखिक रूपमा चल्दै आएको नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीको अनुकरण गरी नेपाली कविताको प्राथमिक कालको उत्तरार्द्धका कवि वसन्त शर्माले वि.सं. १९०१ मा *समूद्रलहरी*को रचना गरेर नेपाली काव्य जगत्मा सवाई छन्द-शैलीमा कविता रचना गर्ने परम्पराको शुरुआत गरेको देखिन्छ । त्यसपछि वि.सं. १९१२ मा बाग्दल डाँगीले ***भोटको लडाइँको सवाई*** रचना गरेर नेपाली लोकलयात्मक सवाई छन्द-शैलीमा सवाई काव्य रचना गर्ने परम्परा बसालेको पाइन्छ । यसरी प्रारम्भ भएको यो सवाई काव्य विधा वि.सं. २००० सम्म आइपुग्दा विकास क्रमका विभिन्न चार चरण (पहिलो चरण १९०१-१९४०; दोस्रो चरण १९४१-१९६२; तेस्रो चरण १९६३-१९७४; चौथो चरण १९७५-२०००) टेक्दै क्रमश: म्लान एवम् शिथिल बन्न पुगेको पाइन्छ । वि.सं. १९००को छेउछाउबाट शुरु भएको नेपाली सवाई काव्य-विधाले आफ्नो यात्राको सय वर्ष टेक्दा-नटेक्दै आवश्यक स्थिरता कायम राख्न अक्षम बनेको देखिन्छ र क्रमश: शिथिल, निस्प्रभप्राय बन्न पुगेको प्रतीत हुन्छ । यसरी नेपाली सवाई काव्य सृजनामा आएका शिथिलता, दुर्बलता, प्रवाहहीनता र प्रभावहीनताका मुख्य-मुख्य कारणहरूको विवेचना निम्न लिखित तरिकाले गर्न सकिन्छ :

प्राथमिक अवस्थामा दीर्घकालसम्म जन साधारणको मुखमुखै प्रचलनमा रहेको नेपाली सवाई काव्य-शैलीले नेपाली कविताको प्राथमिक कालको दोस्रो चरण (१८८३-१९४०)मा मात्र लेख्य रूप लिन सकेको छ । नेपाली सवाई काव्यको थालनी कालदेखि विवेच्य समयावधि (वि.सं. १९००-२०००) एक सय वर्षभित्र यस काव्य विधामा केही महत्त्वपूर्ण कृतिहरूको रचना हुन सकेको पाइन्छ । नेपाली कविताको प्राथमिक कालको दोस्रो चरणमा रचित बाग्दल डाँगीको ***भोटको लडाइँको सवाई*** (१९१२) र नरबहादुर राणाको ***जङ्गबहादुरको सवाई*** (१९३३) तथा माध्यमिक काल (१९४१-१९७४) मा रचिएका बबगुनी गुरुङ्को ***ब्रह्मतत्त्वको सवाई*** (१९५०), धनवीर भण्डारीको ***अब्बर पहाडको सवाई*** (१९५१), डाकमान राईको ***दार्जिलिङ्को पैह्राको सवाई*** (१९५६), अमृत सिँजापतिको ***सासू-बुहारीको झगडाको सवाई*** (१९६०) तथा आधुनिक कालका डा. मणिराज वर्माको ***अम्बलका बैगुनको सवाई*** (१९८२) र विभिन्न सवाईकारहरूका भिन्न-भिन्न ***नब्बे सालको भैँचालाको सवाई***हरू (१९९०-९१) यस सन्दर्भमा उल्लेखयोग्य रहेका छन् ।

नेपाली कविताको माध्यमिक काल (१९४०-१९७४) नेपाली सवाई काव्यका निम्ति मलिलो, उत्कर्षकारक र महत्त्वपूर्ण काल बन्न पुगेको छ । यस समयावधिमा प्रशस्त मात्रामा नेपाली सवाई काव्यहरू रचिएका र प्रकाशित भएका पाइन्छन् । व्यक्तिगत कृतिका साथै विभिन्न प्रकाशकहरूले विभिन्न समयमा एकाधिक सवाईकारहरूले रचना गरेका सवाई काव्यहरू सङ्कलन गरी सवाई

---

[८] हिमांशु थापा, साहित्य परिचय (चौ.सं.); साझा प्रकाशन, काठमाण्डौं; १९५०; पृ. ४

काव्यका सङ्ग्रहरू पनि प्रकाशन गर्ने कार्य यही माध्यमिक कालमा हुन सकेको पाइन्छ । *सवाई पञ्चक* (पहिलो भाग, सन् १९१२ पूर्व र दोस्रो भाग, सन् १९१४) एवम् *सवाई पच्चीसा*हरू यसका राम्रा उदाहरणहरू हुन् । तर १९७४ मा *सूक्तिसिन्धु* कविता सङ्ग्रहको प्रकाशन भए पश्चात् नेपाली कवितामा प्रचलित श्रृङ्गारिक भाव तथा साधारण शिल्प-शैलीप्रति उत्पन्न कटुता र असन्तुष्टि; नयाँ भावोज्ज्वल शिल्प-शैली, नयाँ जीवन-बोध र नयाँपनप्रतिको तीव्र आकर्षण अस्तित्वबोध आदिले गर्दा काव्य-सर्जक वा पाठकहरूको रूचि पुरानो परिपाटीका काव्यहरूबाट क्रमशः घट्दै गएको र नेपाली सवाई काव्यको रचना कार्य पनि क्रमशः शिथिल बनेको बोध हुन्छ ।

पठित वा शिक्षित नेपालीहरूमा आफ्नो मातृभाषा नेपालीलाई 'कच्ची भाषा' र संस्कृत, अरबी, फारसी, अङ्ग्रेजी एवम् हिन्दी आदि भाषालाई पक्की भाषा भन्ने धारणा रहेको कुरा तत्कालीन साहित्यको अध्ययन-अनुशीलनबाट स्पष्ट हुन्छ । यस्तो स्थितिमा नेपाली भाषा, नेपाली लोकलयप्रधान झ्याउरे, सवाई आदि छन्दमा काव्य रचना गर्नु वा गीत गाउनु शिक्षित वर्गको काम नभएर सामान्य गोठाला, खेताला वा कामदारहरूको निम्ति मात्र सुहाउँदिलो हो भन्ने धारणा रहेको र नेपाली भाषामा लेखपढ् गरे बोध विकसित हुन सक्तैन भन्ने धारणा त्यसबेला व्याप्त थियो । वस्तुतः झ्याउरे, सवाई, सेलो जस्ता नेपाली लोकलयप्रधान छन्द-शैलीमा गीत गाउनेहरू साधारणतः हुड्क्या जातका दमाईं र गाइनेहरू अथवा अपठित, दाउरे, हलीहरू नै हुने गर्थे । संस्कृत आदि विकसित भाषा-साहित्यका कृतिहरूले ग्रहण गरेको भाषा-शैली नै नेपाली कवि-साहित्यकारहरूका निम्ति बढी प्रेय र श्रेय थियो । यस्तो स्थितिमा शिक्षित, पठित वा विद्वान्हरूको उपेक्षाले आहत बन्न पुगेको नेपाली लोकलयप्रधान सवाई छन्दमा काव्य रचना गर्ने परिपाटी पनि क्रमशः शिथिल, दुर्बल हुँदै गएको देखिन्छ ।

संसार परिवर्तनशील छ र मानिस वा यसका विचारहरू पनि परिवर्तनशील छन् । नेपाली जनसमाजले वि.सं. १९०० वा त्यसको छेउछाउदेखि बाँचेको सरल, सहज र स्वाभाविक जीवन-शैली १९७५ तिर आइपुग्दा व्यापक रूपमा परिवर्तित भई सकेको थियो । त्यसबेला भारतमा महात्मा गान्धीको नेतृत्वमा भएको अहिंसात्मक असहयोग आन्दोलन र भारतको स्वाधीनता सङ्ग्राम, जङ्गबहादुरले बेलायतको यात्रा गरेपछि नेपाली जनमानसमा देखिएको विश्वप्रतिको अभिरूचि, नेपालीहरूले बृटिश सेनामा भर्ना भई देश-देशान्तर गएर प्राप्त गरेको अनुभव, राष्ट्रिय-अन्तर्राष्ट्रिय जगत्मा आएको परिवर्तन, विज्ञानको प्रगति र जीवन-जगत्लाई हेर्ने-बुझ्ने नयाँ दृष्टिकोण; विश्वका स-साना राष्ट्रहरूको पनि स्वतन्त्र हुने प्रयास आदिले प्रभावित नेपाली जनमानस, *सूक्तिसिन्धु* (१९७४) कविता सङ्ग्रहको प्रकाशनपछि साहित्यका सर्जकहरूमा आएको साहित्यिक चेतना, नेपालमा नयाँ शिक्षण संस्थाहरू (दरवार हाइस्कुल, त्रि-चन्द्र कलेज)को स्थापना, *ऋतुविचार* (१९७३)को प्रकाशन *शारदा* (१९९१) पत्रिकाको प्रकाशन, लाइब्रेरी पर्व (१९८५), शहीद काण्ड (१९९६), प्रभृति महत्वपूर्ण घटनाहरूले गर्दा नेपाली मानसिकता पनि नयाँ मूल्य र मान्यताको खोजीमा लागेको अनुभव हुन्छ । त्यस्ता घटनावलीले मानिसमा सञ्चारित गरेको परिवर्तनको प्रत्यक्ष-अप्रत्यक्ष प्रभाव नेपाली समाजमा पनि पर्न गएको फलस्वरूप नेपालीहरू पनि पुरानो परिपाटी त्याग गरी नयाँ मानवीय मूल्य-मान्यताको खोजीमा लाग्नु स्वाभाविक देखिन्छ । यस परिस्थितिमा नेपाली कवि-साहित्यकारहरूमा पनि राष्ट्रिय-अन्तर्राष्ट्रिय जगत्मा आएका परिवर्तहरूको प्रत्यक्ष-अप्रत्यक्ष छाप पर्न गएको र उनीहरू पनि भावोज्ज्वल शिल्प-शैलीका कविता रचना गरी नयाँ युग निर्माण गर्नेतिर प्रवृत्त भएकाले सवाई जस्तो पुरानो परिपाटी वा शैलीमा रचित काव्य-कलातिरबाट अथवा सवाई काव्य रचना गर्नबाट उनीहरूको रूचि स्वतः हटेर गएको बोध हुन्छ ।

नेपाल एवम् बृटिश इष्ट-इण्डिया कम्पनीबीच भएको सुगौली सन्धि (सन् १९१६) पश्चात् बृटिश-गोर्खा फौजको रेजिमेन्ट स्थापना गरी बृटिश साम्राज्य विस्तार गर्ने स्वार्थपूर्तिका निम्ति विश्वका विभिन्न देशमा गोर्खाली सेनाका जवानहरूलाई पठाउन थालियो । अत्यन्त चतुर र धूर्त अङ्ग्रेजहरू अरुलाई फकाई-फुस्ल्याई आफ्नो कार्य सिद्ध गर्न सिपालु भएकाले बृटिश-गोर्खा फौजमा

भर्ना भई गएका नेपाली फौजी युवाहरूका निम्ति सस्ता र हल्का किसिमका नृत्य-गीत आदिद्वारा मनोरञ्जन गराउँदै तिनलाई आफ्नो साम्राज्य विस्तार गराउने कार्यमा सक्रिय गराउँथे । बृटिश-गोर्खा फौजमा भर्ना भएर गएका अल्प पठित वा अपठित नेपाली युवाहरूलाई यसरी रमाइलो गराई राख्नका निम्ति सस्ता र हल्का किसिमका मनोरञ्जक लोक-गीत, लोक-नृत्यहरूको आवश्यक हुनु स्वाभाविक थियो । जनसाधारण तथा बृटिश-गोर्खा फौजका रिकुटे-लाहुरेहरूको मनोरञ्जनार्थ नेपाली लोक लयप्रधान झ्याउरे गीतहरू रचना गर्ने आवश्यकतातर्फ नेपाली लोक-सर्जकहरूको ध्यान आकर्षित भएको र त्यस्ता गीतहरू रचना गर्न थालेको बोध हुन्छ । लोक प्रतिभाहरूले रचना गरेका यस्ता एकाध रचनाहरूको लोकप्रियतामा वृद्धि हुनासाथ प्रकाशकहरूद्वारा त्यस्ता रचनाका रचनाकारहरू खोजी-खोजी पैसा दिएर लेख्न लगाउने, मूल प्रकाशित प्रतिमा सामान्य परिवर्तन गरी आफ्नो संस्थाबाट प्रकाशित गर्ने जस्ता होडबाजीपूर्ण क्रियाकलापसम्म भएको थाहा पाइन्छ[९] । भारत तथा नेपालका त्यस्ता थुप्रै प्रकाशकहरूबाट यस प्रकारका नेपाली लोकलयप्रधान र खास गरेर झ्याउरे छन्दमा काव्यहरूको रचना गर्न लगाई प्रकाशन तथा बिक्री-वितरण गर्ने व्यापक प्रचलन रहेको देखिन्छ । त्यसैले झ्याउरे छन्दमा रचिएका *आनन्द लहरी* जस्ता श्रृङ्गारिक रचना तथा *चरीको सवाई* वा *सासु बुहारीको झगडाको सवाई* जस्ता सवाई कृतिहरू प्रशस्त मात्रामा रचित एवम् प्रकाशित हुन पुगेका पाइन्छन् । यिनीहरू मध्ये पनि श्रृङ्गारिक रचनाहरू चाहिँ बढी लोकप्रिय वा प्रचलित हुन पुगेका देखिन्छन् । सवाई मूलतः गाथाप्रधान र श्रृङ्गारभन्दा भिन्न वीर भयानक, भक्ति, शान्त आदि भावप्रधान काव्य भएको हुनाले यो श्रृङ्गारप्रधान नेपाली लहरी काव्य जतिको चर्चित वा लोकप्रिय चाहिँ बन्न सकेको कमै मात्र बोध हुन्छ । छोटा-मीठा, चुट्किला र श्रृङ्गार भावप्रधान लोकगीतहरू फौजी जवान तथा समाजका युवा समुदायका निम्ति जति रुचिकर वा लोकप्रिय बन्न पुगे गाथा वा घटनाप्रधान सवाई काव्य रचनाहरू त्यति लोकप्रिय बन्न सकेनन् । त्यस्तै सवाई काव्यमा पाइने विश्रामविहीन एकोहोरो वर्णन-शैली, टेकपद वा मुजराको कमी, संवादहीनता आदिले गर्दा नेपाली सवाई काव्यको रचना र प्रकाशनमा क्रमशः स्वतः शिथिलता आएको अनुभव हुन्छ ।

परम्परागत काव्य-शैलीका सर्जक वा सवाईकारहरूले युगीन चेतना वा युगरूचिलाई ग्रहण गरेर सवाई काव्यको रचना गर्न विशेष रूचि देखाएको अनुभव हुँदैन । यसरी युगीन धर्म वा युगीन प्रवृत्तिलाई आत्मसात् गरी युगसापेक्ष काव्य रचना गर्नेतर्फ सवाईका सवाईकारहरू उत्साहित नरहेका र तिनले त्यतातिर ध्यान नपुर्‍याएकाले गर्दा सवाई काव्यको लोकप्रियतामा ह्रास आउँदै गएको र स्वतः शिथिलता आएको बोध हुन्छ ।

विश्वमा घटेका विश्व-युद्ध (सन् १९१४-१९१९; १९३९-१९४५) पुनर्जागरण (ईसाको १४ औं, १५ औं र १६ औं शताब्दी), रुसको जनक्रान्ति (सन् १९१७) आदि विविध घटनाक्रमले गर्दा जटिलतालाई वरण गरी सकेको वि.सं. १९७५ यताको नेपाली जन-जीवन त्यस पूर्वको जस्तो सरल वा सरस स्वभावको नरही क्रमशः जटिल एवम् कटिलो बन्दै गएको हुनाले पूर्वको भन्दा अधिक सङ्घर्षमय बन्न पुगेको देखिन्छ । अतः नेपालीहरूको जीवन पनि सरलता वा कोरा भावुकताबाट बिस्तारै टाढिएर व्यावहारिक, बौद्धिक बन्दै गएको अनुभव हुन्छ । नेपाली सवाईकारहरूले जीवनोपयोगी बौद्धिक, व्यावहारिक वा जीवन-सङ्घर्षका कठिन परिस्थितिहरूलाई प्रतिविम्बित गर्ने वा त्यसो गर्न प्रेरित गर्ने विषयवस्तु अँगाली सवाई काव्य रचना गर्नेतर्फ त्यति ध्यान नदिएकाले पनि सवाई काव्य शिथिल बन्न पुगेको देखिन्छ ।

वस्तुतः सवाई काव्य नेपाली लोक जीवनको गाथा हो र लोक संस्कृति पनि हो । लोक गीत, लोक गाथा एवम् लोक गायकबीच अन्योन्याश्रित अन्तर्सम्बन्ध हुन्छ । लोक गायकहरू नै लोक गीतका वाहक हुन् र संरक्षक पनि हुन् । हाम्रा समाजका गाइने वा गन्धर्वहरू र हुड्के जातिका दमाईंहरूले सवाई भन्ने, गाउने परम्परालाई मुखमुखै कण्ठस्थ र जीवन्त राखेको छन् । उनीहरूले बेला मौकामा देश तथा विदेशमा बसोवास गर्ने नेपालीहरू बसेको ठाउँमा गई सवाई गाएर वा

[९] शरदचन्द्र शर्मा, *नेपाली साहित्यको इतिहास* (माध्यमिक काल) दो.सं.; पाठ्यपुस्तक विकास केन्द्र, त्रि.वि., कीर्तिपुर; २०४८; पृ.७१

सुनाएर जनताको मनोरञ्जन गर्नुका साथै दीर्घकालसम्म यस परम्परालाई जीवित राखेका थिए । उनीहरूकै माध्यमद्वारा यस्ता गीत-गाथाहरूको संरक्षण र प्रचार-प्रसार पनि हुने गर्दथ्यो; यस्ता गीतका माध्यमद्वारा लोक कलाकारहरूको जीविकोपार्जन पनि हुन्थ्यो । नेपाली समाजमा पाश्चात्य तथा वैज्ञानिक यान्त्रिकताको प्रभाव पर्न थालेपछि रेडियो, सिनेमा, थिएटर, जात्रा आदि हलुका मनोरञ्जनका साधनहरूको चलन-चल्ती बढ्दै गएकाले नेपाली जन-जीवन प्रभावित बन्न गई जन संस्कृति-बिमुख हुन् पुगेको प्रतीत हुन्छ । अत: समाजमा लोक कलाकारहरूको सुरक्षा हुन सकेको अनुभव हुँदैन । लोक संस्कृतिका वाहक-संरक्षककै सुरक्षा नभएको समाजमा उसको जनसंस्कृति पनि दुर्बल, सतही र टुहुरो बनी केवल प्रदर्शन-मनोरञ्जनका बेलामा कृत्रिम मञ्चन गरिने सामग्री रूपमा बाँच्नुपर्ने हुन्छ । अत: १९७५ यताको नेपाली समाजको परिवेश सवाई काव्यको विकास एवम् श्रीवृद्धिका निम्ति अनुकूल बन्न नसकेको प्रतीत हुन्छ; त्यसैले यो लोकविधा क्षीण र श्रीहीन बन्न पुगेको बोध हुन्छ ।

नेपाली कविताको माध्यमिक काल (१९४१-१९७५) वर्णमात्रिक छन्दका साथै झ्याउरे, सवाई र गजल काव्य-शैलीका निम्ति पनि उत्कर्षकारक अवधि रहेको पाइन्छ । यस अवधिका वर्णमात्रिक छन्द-शैली, गजल एवम् झ्याउरे छन्द-शैलीमा रचिएका कवितालाई मनोरञ्जन-विलास तथा जीवनका अनेक विविधताको स्पर्श गर्ने क्षेत्रसम्म पुऱ्याइएको देखिन्छ । *सूक्तिसिन्धु* कविता सङ्ग्रह प्रकाशन (१९७४) पश्चात् पनि वर्णमात्रिक छन्द तथा गीत-गजल एवम् झ्याउरे छन्द-लयमा कविता रचना गर्ने परम्परा नेपाली समाजमा शिष्ट काव्य सिर्जनाका माध्यमद्वारा पनि कायम रहेको थियो । लोकलयमै आधारित झ्याउरे छन्द-शैलीले महानन्द सापकोटा र लक्ष्मीप्रसाद देवकोटा जस्ता प्रतिभाको स्पर्श पाएर *मनलहरी* (१९८०) र *मुनामदन* (१९९३) जस्ता लोकप्रिय काव्यको रचना हुन सक्यो भने युगीन स्रष्टाको स्पर्श पाउन अक्षम रहेकाले गर्दा उत्तिकै लोकप्रिय सवाई छन्द-शैलीले भने केवल सामान्य लोक प्रतिभाहरूको सहृदयताको पात्र बनी कुण्ठित एवम् कुञ्चित हुँदै जीर्ण-शीर्ण तथा रुग्ण स्वरूपमा बाँच्नुपरेको देखिन्छ । झ्याउरे छन्द-शैली शिष्ट काव्य सिर्जनाको माध्यम भई रूचिकर बन्न सकेको छ भने सवाई काव्य एवम् सवाई छन्द-शैली चाहिँ लुप्तप्राय अवस्थामा जीवित रहन पुगेको पाइन्छ ।

## ६.३.१. *निष्कर्ष :*

नेपाली सवाई काव्यको रचना र विकासमा आएको शिथिलताका प्रमुख कारणहरू सम्बन्धमा गरिएको उपर्युक्त चर्चाबाट प्राप्त निष्कर्षलाई संक्षेपमा निम्न बुँदाहरूमा समेट्न सकिन्छ :

(१) नेपाली समाजमा पठित एवम् विद्वत् श्रेणीबाट नेपाली लोकलयमा अभिव्यक्त झ्याउरे तथा सवाई काव्य-शैलीलाई निम्न स्तरको साहित्य सर्जकहरूको सिर्जना ठानी उपेक्षा गर्ने प्रवृतिले गर्दा नेपाली सवाई काव्यको विकासमा स्वत: शिथिलता आएको अनुभव हुन्छ ।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा आएको सामाजिक-सांस्कृतिक तथा राजनीतिक परिवर्तनले नेपाली जनता एवम् जनमानसलाई प्रभावित गर्नाले सर्जक एवम् पाठकहरूको ध्यान नवीनता झल्कने नौलो काव्य-शैलीप्रति आकर्षित हुन जानाले सवाई काव्य सिर्जनामा र पठनमा स्थविरता आएको हो भन्ने अनुमान गर्न सकिन्छ ।

(३) साहित्यमा रसराज मानिएको श्रृङ्गार रसको अभिव्यक्ति गर्ने सिर्जनातर्फ नेपाली सवाईकारहरूको ध्यान नपुगेको हुनाले र उनीहरूले जीवन-जगत्लाई त्यति रसिलो दृष्टिले नहेरकाले नेपाली सवाई काव्यले नेपाली जनसाधारणको हृदस्पर्श गर्न नसकेको र यो स्वत: गतिहीन बन्दै गएको अनुभव हुन्छ ।

(४) कविता विधाको मझौलो आयाम स्वरूपको काव्य विधा भएको हुनाले सवाई काव्यले लघु कविता झैं पत्र-पत्रिकाका माध्यमबाट संरक्षण-संवर्धन प्राप्त गर्न असफल हुनु पनि सवाई काव्य परम्पराको क्षय हुँदै जानुको अन्यतम कारण मान्न सकिन्छ ।

(५) युद्ध, बाढी, पहिरो, आगलागी, भक्ति-नीति तथा अर्ती-उपदेश जस्ता सीमित विषयवस्तु अँगालेर मात्र सवाई काव्य रचना गर्नु र सवाई काव्यका सर्जकहरूले व्यापक विषयलाई अभिव्यक्ति दिनेतर्फ ध्यान नपुऱ्याउनुले पनि सवाई काव्यको गतिक्रम क्रमशः स्तिमित हुन पुगेको देखिन्छ ।

(६) नेपाली जन-जीवन पहिलाको जस्तो सरल र सहज नरहेर क्रमशः परिवर्तित भई जटिल बन्दै जानाले बदलिँदो परिवेश-परिप्रेक्ष्यले ल्याएको जीवन-शैली, युगीन-भावना, युगीन-सन्देश वा युगीन प्रेरणा दिने तर्फ सवाईका सर्जकहरूको ध्यान नजानु पनि सवाई काव्य वर्तमान परिप्रेक्ष्यमा गतिशील बन्न नसकेको अनुभव हुन्छ ।

(७) सरल, सहज सवाईका सर्जकहरूले आजको ज्ञान-गम्भीर, बौद्धिक समाजका निम्ति अनुकूल वा उपयुक्त स्तरको काव्य सिर्जना गर्न नसकेकाले बौद्धिक पाठकहरूबाट टाढिएर सवाई काव्यको विकास यात्रा अवरुद्धप्रायः बन्न गएको देखिन्छ ।

(८) लोक गीत-गाथाका संरक्षक-संवर्धक एवम् प्रचारक तथा वाहक समेत रहेका लोक-कलाकारहरूको सुरक्षा नहुनु, उनीहरूको सामाजिक-बौद्धिक वा आथिक पक्ष नउचालिनु र दलित वर्गका रूपमा आजसम्म रहनुले पनि सवाई काव्यको विकासमा गतिरोध हुन पुगेको बोध हुन्छ ।

(९) झ्याउरे छन्द-लयले झैं सवाई छन्द-शैलीले कुनै युगीन तथा उच्च प्रतिभाको वरदहस्त प्राप्त गर्न नसक्नुलाई पनि सवाई काव्यको समुचित विकास नहुनाको अन्यतम कारणका रूपमा लिन सकिन्छ ।

(१०) नेपाली समाजको तल्लो वर्ग वा कम आर्थिक-सामाजिक हैसियतका मानिसहरूबीच मात्र सवाई काव्य लोकप्रिय रहेको र उपल्लो तहका सम्भ्रान्त वर्गबाट उपेक्षित हुन पुगेको हुनाले सवाई काव्यप्रति नेपाली समाजका सबै जनसमुदायको स्नेह प्राप्त गर्नबाट बञ्चित हुनुपरेकाले पनि यो काव्य-शैली क्रमशः क्षीण एवम् म्लान हुँदै गएको हो भन्न सकिन्छ ।

***